नेपाल सरकार

गृह मन्त्रालय

नेपाल प्रहरी प्रधान कार्यालय, नक्साल

# प्रहरी कर्मचारीको सरुवा सम्बन्धी मापदण्ड, २०७९

(प्रथम संशोधन २०८०)

सुरु मिति २०७९।१०।११ गते।

संशोधन मिति २०८०।०३।२८ गते।

नेपाल प्रहरी प्रधान कार्यालय मानवश्रोत विकास विभाग, कर्मचारी प्रशासन शाखा।

नेपाल सरकार

# गृह मन्त्रालय

## (प्रहरी कर्मचारी प्रशासन शाखा)

पत्र संख्याः- ०७९/८०
प्राप्त पत्र संख्या र मितिः-
च.नं.:- प्र.प्र.टि. २२/९९

सिंहदरबार,
काठमाडौं, नेपाल ।

नेपाल सरकार गृह मन्त्रालय

मितिः- २०८०/०४/२१

विषयः- सरुवा मापदण्ड सम्बन्धमा।

श्री नेपाल प्रहरी प्रधान कार्यालय
नक्साल काठमाण्डौ ।

प्रस्तुत विषयमा ताहाँ कार्यालयको च.नं. ६५, मिति २०८०/०४/१० को पत्रबाट अनुरोध भई आए बमोजिम सरुवा मापदण्डमा देहाय बमोजिमका विषय समेत समाबेश गर्ने गरी सरुवा मापदण्ड तयार गरी लागु गर्न प्रहरी नियमावली, २०७१ को नियम ४९ को उपनियम (९) बमोजिम स्वीकृति दिईएको व्यहोरा नेपाल सरकार (माननीय उपप्रधानमन्त्री एंव गृहमन्त्रीस्तर) मिति २०८०/०४/२१ गते निर्णयानुसार अनुरोध छ।

**देहायः-**

१. सिनियर प्रहरी अधिकृत र जुनियर प्रहरीहरुका लागि भनेर छुट्टाछुट्टै मापदण्ड बनाउन भन्दा प्रहरी नियमावली २०७१ को निय ४९ (९) को मर्म र भावना अनुसार सबै प्रहरी अधिकृतहरु र जवानहरुका लागी एउटै मापदण्ड बनाई लागु गर्न उपयुक्त हुने।
२. मन्त्रालयमा भएका छलफलहरुबाट औंल्याएका विषयहरु सरुवा मापदण्डमा समाबेश गर्ने।
३. सरुवा मापदण्ड छिटो छिटो परिवर्तनबाट आउन सक्ने प्रभाव/असरका बारेमा समेत अध्ययन विश्लेषण गरी मापदण्ड तयार गर्ने र सोको कडाइका साथ पालना गर्ने।

(राम बहादुर शाही)
उप-सचिव

नेपाल सरकार
गृह मन्त्रालय
# नेपाल प्रहरी प्रधान कार्यालय
## प्रहरी महानिरीक्षकको सचिवालय

फोन : ०१-४४१२४३२, ०१-४४१२७३७
Ext. : ०१-४४११२१०, १०२,११५,११६
फ्याक्स : ०१-४४१५५९३

पो.ब.नं. ४०७
नक्साल, काठमाडौं

पत्र संख्या: १-०१-२६.१ (०८०/०८१)  च.न.:- ६२४  मितिः २०८०।०४।१० गते

प्रा.प.सं. :

विषयः **सरुवा सम्बन्धी मापदण्ड तथा कार्यविधि सम्बन्धमा ।**

श्री गृह मन्त्रालय,
प्रहरी कर्मचारी प्रशासन शाखा, सिंहदरवार ।

तालुक मन्त्रालयको प.सं. ०७९/०८० च.नं. प्र.प्र.टि. १०२/५६२ मिति २०७९।१०।२० गतेको पत्र सन्दर्भमा;

प्रस्तुत विषयमा नेपाल सरकार (सम्माननीय प्रधानमन्त्री एवं गृहमन्त्रीस्तर) मिति २०७९।१०।१९ गतेको निर्णयानुसार स्वीकृत भई कार्यान्वयनमा रहेको **"सिनियर प्रहरी अधिकृतको सरुवा सम्बन्धी मापदण्ड, २०७९"** कार्यान्वयन गर्ने क्रममा उत्पन्न भएका व्यवहारिक कठिनाइहरूलाई समय सापेक्ष परिमार्जन गर्नु पर्ने आवश्यकता अनुरूप परिमार्जन गरि मिति २०८०।०३।२८ गते बसेको नीति निर्माण समितिको बैठकमा छलफल हुँदा स्वीकृत भएकोले उक्त संशोधित सरुवा मापदण्ड साथै सोही मापदण्डको अधीनमा रही सोही मितिमा बसेको नीति निर्माण समितिको बैठकद्वारा स्वीकृत भएको **"जु.प्र.अ. देखि प्र.का.स. सम्मको सरुवा सम्बन्धी कार्यविधि, २०८०"** यसै पत्रसाथ संलग्न राखी सैद्धान्तिक सहमति प्रदान गर्ने प्रयोजनार्थ पठाइएको व्यहोरा अनुरोध गरिएको छ ।

प्रहरी महानिरीक्षक
(बसन्त बहादुर कुँवर)

नेपाल सरकार
गृह मन्त्रालय
# नेपाल प्रहरी प्रधान कार्यालय
## मानवश्रोत विकास विभाग
### (कर्मचारी प्रशासन शाखा)

फोनः 
०१-४४११४१९
०१-४४११७०५
Ext: 
०१-४४११२१०
५४४,५४५,५४६

नक्साल, काठमाण्डौ

पत्र संख्याः २-०४।११ (०८०।०८१)
प्रा.प.सं. :

चलानी नं. 304

मितिः२०८०।०४।१० गते।

विषयः पहिलो संशोधन सम्बन्धमा।

श्रीमान प्रहरी महानिरिक्षकज्यू,।
प्रहरी महानिरीक्षकको सचिवालय, नक्साल।

प्रस्तुत बिषयमा प्रहरी नियमावली २०७१ ले निर्दिष्ट गरे बमोजिम प्रहरी कर्मचारीको सरुवा व्यवस्थापन गर्न आवश्यक भएकोले सरुवा समय तालिका (सरुवा क्यालेण्डर) सहितको मापदण्ड तयार गरी सिनियर प्रहरी अधिकृतको सरुवालाई व्यवस्थित, पारदर्शी, अनुमानयोग्य, निष्पक्ष र नियमित गराई सरुवा प्रणालीलाई विश्वसनिय र स्वीकार्य बनाउन नेपाल प्रहरी कार्य योजना २०७९ बमोजिम यस शाखाले नेपाल प्रहरी प्रधान कार्यालय अन्तर्गतका विभाग, प्रदेश प्रहरी कार्यालय तथा मातहत प्रहरी कार्यालयबाट सुझाव संकलन गरी प्राप्त सुझाव समेतलाई समाविष्ट गरी तयार पारेको सिनियर प्रहरी अधिकृतको सरुवा सम्बन्धी मापदण्ड २०७९ को मस्यौदालाई मिति २०७९।१०।११ गतेको नीति निर्माण समितिको बैठकले पारित गरेको **"सिनियर प्रहरी अधिकृतको सरुवा सम्बन्धी मापदण्ड, २०७९"** लाई मिति २०८०।०३।२८ गते बसेको नीति निर्माण समितिको बैठकले पहिलो संशोधन गर्ने गरी पारित गरेको हुँदा सोको स्वीकृतीको लागि सादर अनुरोध गरिएको छ।

स्विकृत
प्र.म.नि.
२०८०/४/१०

प्रहरी अतिरिक्त महानिरीक्षक
(सन्दिप भण्डारी)

**पृष्ठभूमि:**

नेपाल प्रहरीको प्रचलित ऐन, नियमले सरुवा / काज सम्बन्धमा गरेका व्यवस्थाको आधारमा सरुवा मापदण्ड / नीति समेत बनाई प्रहरी कर्मचारीको आवधिक सरुवा गरी आएको सन्दर्भमा प्रहरी कर्मचारीको माग / अपेक्षालाई समेत सम्बोधन गरी संगठनको आवश्यकतालाई परिपूर्ती गर्न प्रहरी नियमावली, २०७१ ले निदृष्ट गरे बमोजिम प्रहरी कर्मचारीको सरुवा व्यवस्थापन गर्नु आवश्यक भएकोले सरुवा समयतालिका (सरुवा क्यालेण्डर) सहितको मापदण्ड तयार गरी प्रहरी कार्यालय सहयोगी देखि प्रहरी अतिरिक्त महानिरीक्षक दर्जासम्मका प्रहरी कर्मचारीको सरुवालाई व्यवस्थित र नियमित गर्न नेपाल प्रहरी कार्ययोजना, २०७९ बमोजिम यो मापदण्ड बनाइएको छ ।

यसरी सरुवा समयतालिका (सरुवा क्यालेण्डर) सहितको मापदण्ड तयार गरी सरुवा गर्दा निष्पक्षता, पारदर्शीता, स्वच्छ प्रतिष्पर्धा कायम हुने, प्रहरी कर्मचारीले आफ्नो सरुवा अवधि र सम्भाबित दरवन्दी, क्षेत्र र भुगोलको पूर्वानुमान लगाउन र सोही बमोजिम आश्वस्त हुन सक्ने अपेक्षा गरिएको छ । जसले गर्दा प्रहरी कर्मचारीका आफ्ना व्यक्तिगत अपेक्षा र अनुकुलताको समेत सम्बोधन हुन गई प्रहरी कर्मचारीको सरुवाको मर्मलाई व्यवहारमा लागु गर्न र प्रहरी कर्मचारीको मनोबल बढाउने तथा संगठनको समग्र कार्य सम्पादन स्तरमा समेत अभिवृद्धि भई संस्थागत विकासमा समेत योगदान पुग्न जानेमा विश्वास गर्न सकिन्छ ।

प्रहरी नियमावली २०७१ (संशोधन सहित) को कार्यसम्पादन मूल्यांकन सम्बन्धी प्रकृयाको समयावधी, प्रहरी कर्मचारीको सन्ततीको पठनपाठन (शैक्षिक सत्र) समेतको आधारमा यो सरुवा समयतालिका (सरुवा क्यालेण्डर) तयार गरिएकोले आगामी दिनमा सरुवा गर्दा सरुवा सम्बन्धमा भएका द्विविधा र भ्रम समाप्त भई सबै प्रहरी कर्मचारीले न्यायको अनुभूति गर्नेछन् । साथै, सरुवा प्रणालीलाई विश्वसनिय र स्वीकार्य बनाई सम्पूर्ण प्रहरी कर्मचारीमा कार्यविस्तारको अवसरलाई समान वितरण गरी प्रहरी कर्मचारीको मनोबल र व्यवसायिकतामा समेत अभिवृद्दि हुने तथा वृत्ति विकासमा समेत सकारात्मक प्रभाव पर्न जाने नै छ ।

**नेपाल प्रहरी प्रधान कार्यालय**
**कर्मचारी प्रशासन शाखा, नक्साल, काठमाण्डौं ।**
**माघ, २०७९**

नेपाल सरकार
गृह मन्त्रालय
नेपाल प्रहरी प्रधान कार्यालय
नक्साल

# परिच्छेद-१
# प्रारम्भिक

प्रहरी नियमावली २०७१ (संशोधन सहित) को नियम ४९ को उपनियम (९) को अधिनमा रही प्रहरी कर्मचारीको सरुवालाई व्यवस्थित, पारदर्शी र अनुमानयोग्य बनाउन सरुवा समयतालिका (सरुवा क्यालेण्डर) समेत समावेश गरी "सिनियर प्रहरी अधिकृतको सरुवा सम्बन्धी मापदण्ड, २०७९" जारी भएको "सिनियर प्रहरी अधिकृतको सरुवा सम्बन्धी मापदण्ड २०७९" मा प्रहरी कार्यालय सहयोगी देखी जुनियर प्रहरी अधिकृतसम्मको सरुवा सम्बन्धी व्यवस्था नसमेटिएको र दर्जागत रूपमा सिनियर प्रहरी अधिकृत कार्यालय प्रमुख रहने कार्यालयहरुको श्रेणीगत विभाजनमा स्पष्टता नभई सरुवा कार्यान्वयनमा चुनौती देखिएकोले सो समेत समेटी उक्त मापदण्डलाई नीति निर्माण समितिको बैठकबाट संशोधन गरी **"प्रहरी कर्मचारीको सरुवा सम्बन्धी मापदण्ड २०७९" (संशोधन सहित)** तयार गरी लागू गरिएको छ।

## १. संक्षिप्त नाम तथा प्रारम्भ:

क. यो मापदण्डको नाम "प्रहरी कर्मचारीको सरुवा सम्बन्धी मापदण्ड, २०७९" रहेको छ।

ख. यो मापदण्ड नेपाल प्रहरी तथा प्रदेश प्रहरी कार्यालय अर्न्तगतका प्रहरी कार्यालयहरुमा हुने सरुवा सम्बन्धी प्रयोजनमा लागू हुनेछ।

ग. यो मापदण्ड प्रहरी निरीक्षक (प्र.का.स.) देखि प्रहरी उपरीक्षक (प्र.उ.) सम्मको पदमा सरुवा गर्दा लागू हुनेछ।

घ. यो मापदण्ड प्रहरी वरिष्ठ उपरिक्षक (प्र.व.उ.) देखि प्रहरी अतिरिक्त महानिरीक्षक (प्र.अ.म.नि.) सम्मको पदमा सरुवा गर्दा सिफारिस गर्ने मापदण्डको रुपमा लागू हुनेछ।

ङ. यो मापदण्ड स्वीकृत भएको मितिबाट लागू हुनेछ।

## २. उद्देश्य:

प्रहरी कर्मचारीको सरुवा सम्बन्धी मापदण्ड, २०७९ को उद्देश्य देहाय बमोजिम हुनेछ:

क. सरुवालाई व्यवस्थित र तालिकावद्ध गर्ने।

ख. सरुवा सम्बन्धि प्रहरी नियमावलीमा भएको व्यवस्थालाई थप सहज र स्पष्ट बनाउने।

ग. कार्य विस्तारको अवसरलाई सुनिश्चित गर्ने।

घ. सरुवालाई आवधिक, पारदर्शी र अनुमानयोग्य बनाउने।

ङ. सेवा विशिष्टिकरणको आधारमा अवसर प्रदान गर्ने।

च. प्रहरी कर्मचारीको कार्य उत्प्रेरणा अभिवृद्धि गरी प्रहरी संगठनको समग्र कार्य सम्पादन स्तर वृद्धि / उचो गर्ने।

छ. विशिष्टिकृत सेवाको अवधारणा अनुरुप Right Men in Right Place को मर्मलाई लागू गर्ने।

नेपाल सरकार
गृह मन्त्रालय
नेपाल प्रहरी प्रधान कार्यालय
नक्साल

## ३. प्रहरी कर्मचारीको सरुवा सिद्धान्तः

क. सरुवालाई मानव संसाधन उत्प्रेरणाको सुयोग्य साधनको रुपमा प्रयोग गरिनेछ ।

ख. प्रहरी कर्मचारीको कार्य विस्तारको अवसरलाई समान वितरण हुने गरी सरुवा गरिनेछ ।

ग. प्रहरी संगठनको संस्थागत आवश्यकता र प्रहरी कर्मचारीको व्यक्तिगत अपेक्षा / अनुकूलता समेतलाई दृष्टिगत गरी सरुवा गरिनेछ ।

घ. सामान्यतया सरुवा तथा पदस्थापनको निश्चित अवधि (१ बर्ष) नपुगी सरुवा गरिने छैन ।

ङ. भौगोलिक, सामाजिक र साँस्कृतिक विविधतासँग सन्तुलन कायम हुने गरी सरुवा गरिनेछ ।

च. लैङ्गिकताको आधारमा सरुवा विभेद गरिने छैन ।

छ. कार्यक्षमता, कार्य सम्पादन स्तर,योग्यता, तालिम, सेवा विशिष्टिकरण र अनुभवको आधारमा सरुवा गरिनेछ ।

ज. पदस्थापन तथा सरुवा भएको दरवन्दीमा अनिवार्य रुपमा कार्य गर्नुपर्छ भन्ने मान्यतालाई स्थापित गरिनेछ ।

झ. कार्यालय प्रमुख र सहायकको रुपमा आलोपालो हुने गरी सरुवा गरिनेछ ।

ञ. रोलक्रमानुसार कार्यसम्पादनस्तर समेतको आधारमा अवसरको समान वितरणलाई पहिलो प्राथमिकता, सांगठनिक आवश्यकता र व्यक्तिगत क्षमतालाई दोस्रो प्राथमिकतामा राखी सरुवा गरिनेछ ।

## ४. सरुवा सम्बन्धी साझा मापदण्डः

क. प्रहरी कर्मचारीको स्थायी वतन भएको जिल्लामा सरुवा गरिने छैन तर काठमाण्डौ उपत्यकाको हकमा भने यो प्रावधान लागू हुने छैन । कुनै प्रहरी कर्मचारीले बसाँईसराई गरेमा अनिवार्य रुपमा स्थायी बसाँईसराईको प्रमाणपत्र पेश गरी अभिलेखमा आफ्नो स्थायी वतन अद्यावधिक गर्नुपर्नेछ ।

(स्पष्टिकरण:- स्थायी वतन भन्नाले नागरिकता लिएको जिल्ला र स्थायी बसाँईसराई गरी हाल बसिरहेको स्थानलाई समेत जनाउनेछ)

ख. संगठनको आवश्यकता अनुसार सक्रिय प्रहरी कार्य हुने स्थान बाहेक अन्य प्रहरी कार्यालयहरुमा वतन भएको जिल्लामा समेत सरुवा गर्न सकिनेछ (जस्तै: गण, नेपाल प्रहरी प्रदेश कार्यालय, विपद व्यवस्थापन कार्यालय, प्रहरी विद्यालय, प्रहरी अस्पताल वा तालिम केन्द्रहरु आदि) ।

ग. प्रहरी कर्मचारीको नयाँ नियुक्ति तथा बढुवा भई पदस्थापन गर्दा वतन प्रदेशभन्दा बाहिर समेत पदस्थापन गर्न सकिनेछ ।

घ. प्रहरी कर्मचारीको सरुवा गर्दा भौगोलिक हिसावले तराई, पहाड, हिमाल र सुविधाको हिसावले शहरी / ग्रामिण तथा सुगम / दुर्गम क्षेत्रमा आलोपालो हुने गरी गरिनेछ ।

ङ. विशिष्टिकृत सेवा प्रवाह गर्ने प्रहरी कार्यालयहरुमा सम्बन्धित सेवामा आवश्यक पर्ने तालिम प्राप्त नगरेका प्रहरी कर्मचारीलाई जिम्मेवारीमा खटाईने / सरुवा गरिने छैन ।

च. कार्यालय प्रमुखको रुपमा खटिने प्रहरी कर्मचारीको हकमा कार्यालय प्रमुखबाट कार्यालय प्रमुखको जिम्मेवारी पाउने गरी सरुवा तथा पदस्थापन गरिने छैन ।

छ. स्वभाविक अपेक्षा राख्ने बाहेक अनुचित दवाव वा प्रभाव श्रृजना गरी सरुवा / काज माग गर्ने प्रहरी कर्मचारीको अभिलेख राखी सोही बमोजिम मूल्याङ्कन गरी सरुवा गरिनेछ ।

ज. सामान्यतया कार्यालय प्रमुखको रुपमा १ बर्ष सेवा अवधि पुरा गरेपछि मात्र अन्यत्र सरुवा गरिनेछ ।

नेपाल सरकार
गृह मन्त्रालय
नेपाल प्रहरी प्रधान कार्यालय
नक्साल

झ. कार्यालय प्रमुखको जिम्मेवारी दिँदा कार्य क्षमता, कमाण्ड, तालिम, अनुभव र निजले प्राप्त गरेका अवसर समेतलाई मूल्याङ्कन गरिनेछ ।

ञ. एउटै दर्जामा दोहोऱ्याएर कार्यालय प्रमुख दिँदा एक कार्यालय प्रमुखबाट अर्को कार्यालय प्रमुख बीचको समय अन्तर दर्जागत रुपमा आवश्यकता अनुसार निर्धारण गरिनेछ ।

ट. सामान्यतया कार्य सम्पादन स्तर सन्तोषजनक नभएका, प्रहरी आचरण विपरीत कार्य गरेका, प्रचलित कानूनद्वारा कारवाही भएका, कार्य क्षमता कमजोर भएको कारणले कार्यालय प्रमुखको जिम्मेवारीबाट हटाइएका र सुपरिवेक्षकले कार्यालय प्रमुख दिन उपयुक्त नहुने भनी कैफियत गरिएका प्रहरी कर्मचारीलाई कार्यालय प्रमुखको रुपमा दोहोऱ्याएर सरुवा गरिने छैन ।

ठ. जनपदतर्फका प्रहरी कर्मचारीलाई जनपदतर्फकै विभिन्न विशिष्टिकृत सेवा तथा समूहमा कार्य विस्तारको अवसर हासिल हुने गरी सरुवा तथा पदस्थापन गरिनेछ ।

ड. सेवा विशिष्टकरणको अवधारणामा आँच नआउने गरी एउटै प्रकृतिको कार्यालयमा लामो समय राखिने छैन ।

ढ. प्रहरी कर्मचारीको सरुवा गर्दा एउटै दर्जामा पूर्व दरवन्दी पर्ने गरी सरुवा गरिने छैन र सामान्यतया अन्य दर्जामा पनि पूर्व दरवन्दी रहेको कार्यालयमा सरुवा गरिने छैन ।

ण. सरुवा तथा पदस्थापन भएको दरवन्दीमा हाजिर नहुने प्रहरी कर्मचारीलाई सोही बमोजिम मूल्याङ्कन गरी अन्यत्र सरुवा गरिनेछ ।

त. नयाँ नियुक्ति भई आधारभूत तालिम सम्पन्न गरेका प्रहरी कर्मचारीलाई सहायक दरवन्दीका प्रहरी कार्यालयहरुमा सरुवा गर्ने नीति अवलम्वन गरिनेछ ।

थ. नयाँ नियुक्ति तथा पदस्थापन भई आधारभूत तालिममा रहेका प्रहरी कर्मचारीलाई तलब राशन पाउने प्रयोजनका लागि आवश्यकता अनुसार रिक्त दरवन्दीहरुमा कारण खुलाई सरुवा गर्न सकिनेछ तर कार्यालय प्रमुखको रुपमा पदस्थापन गरिने छैन ।

द. प्रहरी कर्मचारीलाई कारवाहीबाट उन्मुक्ति पाउने किसिमले सजायँ स्वरुप सरुवा गरिने छैन तर विभागिय कारवाहीको प्रकृयामा रहेका प्रहरी कर्मचारीलाई सो कार्यालयमा राखी राख्न उपयुक्त नभएको भनी निजको सुपरीवेक्षक वा कार्यालय प्रमुखबाट लिखित वा मौखिक कैफियत प्राप्त भएमा कारवाही प्रकृया पुरा भए पश्चात मात्र अन्यत्र सरुवा गरिनेछ ।

ध. विभागिय सजायँ पाएका प्रहरी कर्मचारीलाई सजायँ पाउनुको कारण हेरी सोही प्रकृतिको जिम्मेवारी वहन गर्ने कार्यालयबाट अन्य प्रकृतिको कार्यालय वा स्थानमा सरुवा गरिनेछ ।

न. विविध कारणले सेवाबाट वहाल टुटी पून:सेवा प्रारम्भ गर्ने प्रहरी कर्मचारीलाई सामान्यतया गण दरबन्दी कायम हुने गरी पदस्थापन गरिनेछ ।

प. काजमा रहेको प्रहरी कर्मचारीलाई सरुवा मापदण्ड भित्र रही काज खटिएको स्थानमा नै सरुवा मिलान गरिनेछ ।

फ. प्राविधिक प्रहरी समूह अन्तर्गतका प्रहरी कर्मचारीलाई प्राविधिक प्रहरी कार्यालयहरु र सोही प्रकृतिको प्राविधिक सहयोग आवश्यक पर्ने प्रहरी कार्यालयहरुमा मात्र सरुवा गरिनेछ । साथै, प्राविधिक प्रहरी कर्मचारीलाई प्राविधिक प्रकृतिको प्रहरी कार्यालय बाहेक अन्यत्र कार्यालय प्रमुखको रुपमा सरुवा गरिने छैन ।

ब. उमेरलाई मध्यनगर गरी हिमाली तथा उच्च पहाडी जिल्लामा सरुवा व्यवस्थापन गरिनेछ ।

नेपाल सरकार गृह मन्त्रालय नेपाल प्रहरी प्रधान कार्यालय नक्साल

भ. सामान्यतया, प्रचलित नियमानुसार अनिवार्य अवकाश हुने प्रहरी कर्मचारीको हकमा अवकाश हुन १ बर्ष बाँकी रहेको अवस्थामा सम्बन्धित प्रहरी कर्मचारीले सरुवा जान चाहेमा निजले चाहेको कार्यालय (वतन जिल्ला समेत) मा सुविधा स्वरुप सरुवा गर्न सकिनेछ। तर, कार्यालय प्रमुखको रुपमा खटाईने छैन।

म. कर्तव्य पालनाको सिलसिलामा शारिरीक एवं मानसिक रुपमा गम्भिर क्षती पुगेका र सो कारणले दर्जागत जिम्मेवारी वहन गर्न असक्षम प्रहरी कर्मचारीलाई चिकित्सकको सिफारिस बमोजिम गाम्भिर्यता हेरी निजलाई पायक पर्ने कार्यालयमा सुविधा स्वरुप सरुवा गर्न सकिनेछ। तर, मेडिकल वोर्ड राखी सुविधा सहित वा बिना सुविधा सेवाबाट हटाउनुपर्ने अवस्थामा भने यो प्रावधान लागू हुने छैन।

य. नेपाल प्रहरीमा विशिष्टिकृत सेवा प्रवाह गर्ने कार्यालयहरुको छुट्टै मापदण्ड भएमा सोही बमोजिम वा सम्बन्धित कार्यालयको सिफारिसमा सरुवा गरिने छ।

र. प्राविधिक प्रहरी कर्मचारीको बदलामा प्रशासन र प्रशासनको बदलामा प्राविधिक हुने गरी खटाईने छैन।

ल. दरबन्दी भन्दा बढी संख्यामा प्रहरी कर्मचारी खटाउनुपर्ने भएमा दरबन्दी थपका लागी O & M गर्न नेपाल प्रहरी प्रधान कार्यालय अन्वेषण योजना तथा विकाश निर्देशनालयलाई लेख्नु पर्नेछ र तत्काल दरबन्दी थप नहुने भएमा नेपाल प्रहरी प्रधान कार्यालय अन्वेषण योजना तथा विकाश निर्देशनालयको सिफारिसमा मात्र खटाईने छ।

व. कुनै कार्यालयमा भईरहेको दर्जागत दरबन्दी भन्दा उपल्लो दर्जाको प्रहरी कर्मचारी खटाउनुपर्ने भएमा नेपाल प्रहरी प्रधान कार्यालय अन्वेषण योजना तथा विकाश निर्देशनालयको सिफारिसमा मात्र खटाईने छ।

श. विभागिय कारवाही स्वरूप कार्यालय प्रमुखबाट हटाईएको अवस्थामा वाहेक विशेष परिस्थितिजन्य कारणले कार्यालय प्रमुखबाट छोटो अवधिमै हट्नु परेको अवस्थामा कार्यालय प्रमुखको अवधि गणना गर्ने वा नगर्ने भन्ने निर्णय घटना र परिस्थितिको विश्लेषण गरी संगठन प्रमुख / सरुवा गर्ने अधिकारीको स्वविवेकमा निहित रहनेछ।

ष. संयुक्त राष्ट्र संघ वा सोही प्रकृतिका बैदेशिक सेवामा कार्यरत रही मिशन पुरा गरी फर्केका प्रहरी कर्मचारीलाई कार्यालय प्रमुखको रुपमा सरुवा नगरी आवश्यकता अनुसार सहायक दरवन्दीमा मात्र खटाईनेछ।

नेपाल सरकार
गृह मन्त्रालय
नेपाल प्रहरी प्रधान कार्यालय
नक्साल

# परिच्छेद -२

# प्रहरी कर्मचारीको दर्जागत सरुवा मापदण्ड

**५. प्रहरी अतिरिक्त महानिरीक्षकको हकमा:**

क. नेतृत्व क्षमता तथा विशिष्टिकृत कार्यक्षेत्रको अनुभव समेतको आधारमा जेष्ठतालाई प्राथमिकतामा राखी प्रहरी अतिरिक्ति महानिरीक्षकको सरुवा सिफारिस प्रहरी महानिरीक्षकबाट हुनेछ।

ख. कार्यालय प्रमुखको रुपमा खटिएका प्रहरी अतिरिक्त महानिरीक्षकहरु सामान्यतया १ बर्ष अवधिसम्म सो जिम्मेवारीमा वहाल रहनेछन्।

ग. विगतमा सम्पादन गरेको विशिष्टिकृत अपराध अनुसन्धान कार्यानुभव, कार्यसम्पादन स्तर र तालिम समेतको आधारमा केन्द्रीय अनुसन्धान व्यूरो प्रमुखको रुपमा सरुवा सिफारिस गरिनेछ।

घ. राष्ट्रिय प्रहरी प्रशिक्षण प्रतिष्ठानमा सरुवा गर्दा अघिल्ला दर्जाहरुमा कम्तिमा एक दरवन्दी प्रशिक्षण केन्द्रमा प्रशिक्षकको रुपमा कार्यानुभव भएकोलाई प्राथमिकतामा राखिनेछ। तर सरुवा हुने उम्मेदवारहरु मध्ये कसैको पनि सो अनुभव नभएको अवस्थामा शैक्षिक योग्यता, कार्यक्षमता, वैयक्तिक छवि लगायतलाई प्राथमिकतामा राखी सरुवा सिफारिस गर्न सकिनेछ।

ङ. सरुवा सिफारिस गर्दा दरवन्दी रहेका कार्यालयहरुमा आलोपालो हुने गरी सिफारिस गरिनेछ।

**६. प्रहरी नायव महानिरीक्षकको हकमा:**

क. सामान्यतया नेतृत्व क्षमता, विशिष्टिकृत कार्यक्षेत्रको अनुभव, कार्यदक्षता, ज्ञानसीप, शारीरिक क्षमता, शैक्षिक योग्यता र वैयक्तिक अपेक्षा आदिको आधारमा जेष्ठतालाई प्राथमिकतामा राखी कार्यालय प्रमुखको जिम्मेवारीको लागि नेपाल प्रहरी प्रधान कार्यालयले तालुक गृह मन्त्रालयमा सिफारिस गर्नेछ। यसरी सिफारिस गर्दा जनशक्ति अपुग हुन गई पून: जिम्मेवारी दिनुपर्ने अवस्थामा बाहेक प्रदेश प्रहरी प्रमुखबाट प्रदेश प्रहरी प्रमुखकै रुपमा र कार्यालय प्रमुखबाट कार्यालय प्रमुखकै रुपमा सरुवा सिफारिस गरिने छैन।

ख. विगतमा सम्पादन गरेको विशिष्टिकृत अपराध अनुसन्धान कार्यानुभव, कार्यसम्पादन स्तर र तालिम समेतको आधारमा व्यूरो प्रमुखको रुपमा सरुवा सिफारिस गरिनेछ।

ग. राष्ट्रिय प्रहरी प्रशिक्षण प्रतिष्ठान वा नेपाल प्रहरी शिक्षालयमा सरुवा गर्दा अघिल्ला दर्जाहरुमा कम्तिमा एक दरवन्दी प्रशिक्षण केन्द्रमा प्रशिक्षकको रुपमा कार्यानुभव भएकोलाई प्राथमिकतामा राखिनेछ। तर सरुवा हुने उम्मेदवारहरु मध्ये कसैको पनि सो अनुभव नभएको अवस्थामा शैक्षिक योग्यता, कार्यक्षमता, वैयक्तिक छवि लगायतलाई प्राथमिकतामा राखी सरुवा सिफारिस गर्न सकिनेछ।

घ. सरुवा सिफारिस गर्दा परिशिष्ट-२ बमोजिम 'क' र 'ख' श्रेणीका कार्यालयहरु बीच आलोपालो हुने सिफारिस गरिनेछ।

ङ. कार्यालय प्रमुखको रुपमा खटिएका प्रहरी नायव महानिरीक्षकहरु सामान्यतया १ बर्ष अवधिसम्म सो जिम्मेवारीमा वहाल रहनेछन्।

नेपाल सरकार
गृह मन्त्रालय
नेपाल प्रहरी प्रधान कार्यालय

च. कार्यसम्पादन स्तर सन्तोषजनक नभएका र कार्यालय प्रमुख दिन नहुने भनि कैफियत गरिएका प्रहरी नायव महानिरीक्षकहरुलाई पून: प्रदेश प्रमुखको जिम्मेवारी दिइने छैन ।

## ७. प्रहरी बरिष्ठ उपरीक्षकको हकमा:

क. सामान्यतया कार्यालय प्रमुखको जिम्मेवारी दिँदा व्यवसायिकता, नेतृत्व क्षमता, विगतका कार्यानुभव, व्यक्तिगत छवि र अवसरको समान वितरणको सिद्धान्तका आधारमा ज्येष्ठतालाई प्राथमिकतामा राखी सिफारिस गरिनेछ ।

ख. कार्यालय प्रमुखको रुपमा सिफारिस गर्दा तल्लो पदमा वहाल रहँदा निजले वहन गरेको जिम्मेवारी र निजको कुनै खास विशिष्टिकृत क्षेत्रमा काम गरेको अनुभव समेतलाई आधार मानिनेछ ।

ग. सामान्यतया एक पटक कार्यालय प्रमुखको जिम्मेवारी पाइसकेको भए लगत्तै कार्यालय प्रमुखको जिम्मेवारी दिने गरी सरुवा सिफारिस गरिने छैन र कार्यालय प्रमुखबाट कार्यालय प्रमुखको रुपमा सरुवा सिफारिस गरिने छैन ।

घ. आवश्यकताको आधारमा कार्यालय प्रमुखको रुपमा नै खटाउनु पर्ने अवस्थामा बाहेक तत्काल पदोन्नति भई पदस्थापन गर्दा कार्यालय प्रमुखको रुपमा पदस्थापना गरिने छैन ।

ङ. कार्यसम्पादनको स्तर कमजोर भई कार्यालय प्रमुखको जिम्मेवारीबाट हटाईएका प्रहरी वरिष्ठ उपरीक्षकलाई पून: सोही प्रकृतिको कार्यालय प्रमुखको जिम्मेवारीमा खटाइने छैन ।

च. सरुवा सिफारिस गर्दा कार्यालयको कार्य प्रकृति र कार्यालयगत चुनौतीको आधारमा परिशिष्ट-३ मा उल्लेख गरिए बमोजिम 'क', 'ख' र 'ग' श्रेणीका कार्यालयहरु बीच आलोपालो हुने गरी सिफारिस गरिनेछ ।

छ. प्रशिक्षण केन्द्रको प्रमुखको रुपमा सरुवा सिफारिस गर्दा अघिल्ला दर्जाहरुमा कम्तिमा एक दरवन्दी प्रशिक्षण केन्द्रमा प्रशिक्षकको रुपमा कार्यानुभव भएको प्रहरी वरिष्ठ उपरीक्षकलाई प्राथमिकतामा राखी सरुवा सिफारिस गरिनेछ तर सरुवा हुने उम्मेदवारहरु मध्ये कसैको पनि सो अनुभव नभएमा शैक्षिक योग्यता, प्रशिक्षक प्रशिक्षण तालिम, कार्यक्षमता र वैयक्तिक छवि लगायतलाई प्राथमिकतामा राखी सरुवा सिफारिस गरिनेछ ।

ज. अपराध अनुसन्धान सँग सम्बन्धित कार्यालय वा व्यूरो प्रमुखको रुपमा सरुवा सिफारिस गर्दा विगतमा अनुसन्धान अधिकृत भई अपराध अनुसन्धानको क्षेत्रमा कार्य गरेको अनुभव, कार्य सम्पादन स्तर, प्राप्त गरेको तालिम लगायतलाई प्राथमिकतामा राखी गरिनेछ ।

झ. कार्यालय प्रमुखको रुपमा खटिएका प्रहरी वरिष्ठ उपरीक्षकहरु सामान्यतया १ बर्ष अवधिसम्म सो जिम्मेवारीमा वहाल रहनेछन् ।

ञ. कार्यसम्पादन स्तर सन्तोषजनक नभएका र कार्यालय प्रमुख दिन नहुने भनि कैफियत गरिएका प्रहरी बरिष्ठ उपरीक्षकहरुलाई पून: परिसर प्रमुख, व्यूरो प्रमुख, उपत्यका अपराध अनुसन्धान कार्यालय प्रमुख, प्रशिक्षण प्रदान गर्ने कार्यालय प्रमुख लगायतका जिम्मेवारी दिइने छैन ।

नेपाल सरकार
गृह मन्त्रालय
नेपाल प्रहरी प्रधान कार्यालय
नक्साल

**८. प्रहरी उपरीक्षकको हकमा:**

क. दर्जागत रुपमा गर्नुपर्ने अप्रेसनल कमाण्ड तथा व्यवस्थापन वा सोही प्रकृतिका तालिम प्राप्त गरेका प्रहरी उपरीक्षकहरुलाई जेष्ठता र कार्यसम्पादन स्तर समेत हेरी प्राथमिकताको आधारमा कार्यालय प्रमुखको रुपमा खटाइनेछ ।

ख. कार्यालय प्रमुखको रुपमा सरुवा गर्दा यस मापदण्डको परिशिष्ट ४ मा उल्लेखित 'क', 'ख', र 'ग' श्रेणीका कार्यालयहरुमा आलोपालो सरुवा गरिनेछ ।

ग. कार्यालय प्रमुखको रुपमा खटिएका प्रहरी उपरीक्षकहरु सामान्यतया १ बर्ष अवधिसम्म सो जिम्मेवारीमा वहाल रहनेछन् ।

घ. प्रहरी उपरीक्षकलाई पहिलोपटक कार्यालय प्रमुखको रुपमा खटाउँदा सामान्यतया बढुवा भएको ६ महिना पश्चात मात्र कार्यालय प्रमुखको जिम्मेवारी दिइनेछ । तर उल्लेखित समय अगावै कार्यालय प्रमुखको रुपमा खटाउनु पर्ने अवस्थामा परिशिष्ट ४ मा उल्लेखित 'ग' श्रेणीका कार्यालयमा जिम्मेवारी दिन सकिनेछ ।

ङ. सामान्यतया एउटा कार्यालय प्रमुखको जिम्मेवारी सकिएको १ वर्ष अवधि पुरा नहुँदै अर्को कार्यालय प्रमुखको जिम्मेवारी दिइने छैन । तर कार्यालय प्रमुखबाट कार्यालय प्रमुखको रुपमा खटाउनु पर्ने अवस्थामा परिशिष्ट ४ मा उल्लेखित 'ग' श्रेणीका कार्यालयमा जिम्मेवारी दिन सकिनेछ ।

च. प्रहरी उपरीक्षक दर्जाको सेवा अवधिमा न्यूनतम २ वटा र अधिकतम ३ वटा कार्यालय प्रमुखको जिम्मेवारी प्रदान गरिनेछ ।

छ. कार्यालय प्रमुखको जिम्मेवारी वहन गर्दा कार्यसम्पादन सन्तोषजनक नभएको वा आचरण विपरीत कार्य गरेको कारण कुनै विभागिय सजायँ भएको अवस्थामा सजायँ भएको मितिले कम्तिमा १ बर्षसम्म कार्यालय प्रमुखको रुपमा खटाईने छैन ।

ज. प्रहरी उपरीक्षक दर्जामा प्राप्त गर्नुपर्ने कार्यालय प्रमुखको अवसर प्राप्त गरी थप अवधि खटाउनुपर्ने अवस्थामा वरियताक्रमानुसार कार्यसम्पादन स्तर समेत हेरी खटाईने छ ।

झ. कार्यसम्पादन स्तर सन्तोषजनक नभएका र कार्यालय प्रमुख दिन नहुने भनि कैफियत गरिएका प्रहरी उपरीक्षकहरुलाई पून: जिल्ला प्रमुखको जिम्मेवारी दिइने छैन ।

ञ. प्रहरी उपरीक्षकहरुलाई सहायकको रुपमा सरुवा गर्दा परिशिष्ट-७ बमोजिम गरिनेछ ।

**९. प्रहरी नायव उपरीक्षकको हकमा:**

क. दर्जागत रुपमा गर्नुपर्ने अप्रेसनल कमाण्ड तथा व्यवस्थापन वा सोही प्रकृतिका तालिम प्राप्त गरेका प्रहरी नायब उपरीक्षकहरुलाई जेष्ठता र कार्यसम्पादन स्तर समेत हेरी प्राथमिकताको आधारमा कार्यालय प्रमुख नबसेका प्रहरी नायव उपरीक्षकहरुलाई पहिलो प्राथमिकता, एक पटक मात्र बसेकोलाई दोस्रो प्राथमिकता र दुई पटक बसेकोलाई तेस्रो प्राथमिकतामा राखी कार्यालय प्रमुखको जिम्मेवारीमा सरुवा गरिनेछ ।

ख. कार्यालय प्रमुखको रुपमा सरुवा गर्दा यस मापदण्डको परिशिष्ट ५ मा उल्लेखित 'क', 'ख' र 'ग' श्रेणीका कार्यालयहरुमा आलोपालो हुने गरी सरुवा गरिनेछ ।

नेपाल सरकार गृह मन्त्रालय नेपाल प्रहरी प्रधान कार्यालय

ग. प्रहरी नायव उपरीक्षकलाई पहिलोपटक कार्यालय प्रमुखको जिम्मेवारीमा खटाउँदा सामान्यतया बढुवा भएको ६ महिना पश्चात मात्र कार्यालय प्रमुखको जिम्मेवारी दिइनेछ ।

घ. प्रहरी नायव उपरीक्षकलाई पहिलो पटक कार्यालय प्रमुखको जिम्मेवारीमा खटाउँदा यस मापदण्डको परिशिष्ट-५ मा उल्लेखित 'ख' वा 'ग' श्रेणीका कार्यालयमा मात्र खटाईनेछ ।

ङ. कार्यालय प्रमुखको रुपमा खटिएका प्रहरी नायव उपरीक्षकहरु सामान्यतया १ बर्ष अवधिसम्म सो जिम्मेवारीमा वहाल रहनेछन् ।

च. सामान्यतया एउटा कार्यालय प्रमुखको जिम्मेवारी सकिएको १ वर्ष अवधि पुरा नहुँदै अर्को कार्यालय प्रमुखको जिम्मेवारी दिइने छैन ।

छ. सामान्यतया प्रहरी नायव उपरीक्षकहरुलाई दोस्रोपटक कार्यालय प्रमुखको जिम्मेवारी दिंदा परिशिष्ट ५ मा उल्लेखित 'ख' वा 'ग' श्रेणीका कार्यालय प्रमुखको जिम्मेवारी निर्वाह गरिसकेका प्रहरी नायव उपरीक्षकहरुलाई मात्र 'क' श्रेणीका कार्यालय प्रमुखको रुपमा जिम्मेवारी प्रदान गरिनेछ । तर यसरी जिम्मेवारी प्रदान गर्दा जिल्ला प्रहरी कार्यालय प्रमुखको रुपमा नदोहोरिने गरी कार्यालय प्रमुखको रुपमा खटाईनेछ ।

ज. प्रहरी नायव उपरीक्षकहरुलाई तेस्रोपटक कार्यालय प्रमुखको जिम्मेवारी दिंदा परिशिष्ट ५ मा उल्लेखित 'क' श्रेणीका कार्यालयहरुमा पून: नदोहोरिने गरी कार्यालय प्रमुखको जिम्मेवारी प्रदान गरिनेछ ।

झ. प्रहरी नायव उपरीक्षक दर्जाको सेवा अवधिमा न्यूनतम २ वटा र अधिकतम ३ वटा कार्यालय प्रमुखको जिम्मेवारी प्रदान गरिनेछ ।

ञ. कार्यालय प्रमुखको जिम्मेवारी वहन गर्दा कार्यसम्पादन सन्तोषजनक नभएको वा प्रहरी आचरण विपरीत कार्य गरेको कारण कुनै विभागिय सजायँ भएको अवस्थामा सजायँ भएको मितिले कम्तिमा २ बर्षसम्म कार्यालय प्रमुखको रुपमा खटाईने छैन ।

ट. प्रहरी प्रशिक्षण केन्द्रमा सरुवा गर्दा प्रशिक्षक प्रशिक्षण सम्बन्धी तालिम प्राप्त गरी प्रशिक्षण कार्यका लागी योग्य प्रहरी नायव उपरीक्षकहरुलाई प्राथमिकतामा राखि सरुवा गरिनेछ ।

ठ. सामान्यतया कार्यालय प्रमुखबाट सरुवा गर्दा सहायक दरवन्दीमा सरुवा गरिनेछ ।

ड. सहायक दरवन्दीमा सरुवा गर्दा प्रहरी नियमावली बमोजिम कुनै एक भौगोलिक वर्गीकरणमा पर्ने कार्यालयमा कार्यरत रही न्यूनतम अवधि भुक्तान गरे पश्चात् पूनः त्यही वर्गिकरणमा पर्ने कार्यालयमा सरुवा गरिने छैन ।

ढ. सहायक दरबन्दीमा सरुवा गर्दा प्रहरी नियमावलीको अनुसूची ९ मा वर्गीकरण गरिए अनुसार र यस मापदण्डको परिशिष्टको-७ बमोजिम आलोपालो हुने गरी सरुवा गरिनेछ ।

ण. प्रहरी निरीक्षक पदबाट प्रहरी नायव उपरीक्षक पदमा बढुवा भएका प्रहरी नायव उपरीक्षकहरुलाई पदस्थापना गर्दा सहायक दरवन्दीमा मात्र पदस्थापना गरिनेछ ।

त. प्रहरी नायव उपरीक्षक दर्जामा प्राप्त गर्नुपर्ने कार्यालय प्रमुखको अवसर प्राप्त गरी थप अवधि खटाउनुपर्ने अवस्थामा वरियताक्रमानुसार कार्यसम्पादन स्तर समेत हेरी खटाईने छ ।

थ. कार्यसम्पादन स्तर सन्तोषजनक नभएका र कार्यालय प्रमुख दिन नहुने भनि कैफियत गरिएका प्रहरी नायव उपरीक्षकलाई पून: कार्यालय प्रमुखको रुपमा खटाईने छैन । तर निजको आचरण व्यवहारमा सुधार भई

कार्यालय प्रमुख दिन उपयुक्त लागेमा कार्यालय प्रमुखबाट हटेको मितिले २ वर्ष पश्चात कार्यालय प्रमुखको रुपमा खटाउन सकिने छ ।

**१०. प्रहरी निरीक्षकको हकमा:**

क. आधारभूत तथा दर्जागत रुपमा गर्नुपर्ने अप्रेसनल कमाण्ड तथा व्यवस्थापन वा सोही प्रकृतिका तालीम प्राप्त गरेका प्रहरी निरीक्षकहरुलाई ज्येष्ठता र कार्य सम्पादन स्तर समेत हेरी प्राथमिकताको आधारमा कार्यालय प्रमुख नबसेका प्रहरी निरीक्षकहरुलाई पहिलो प्राथमिकता, एक पटक मात्र बसेकोलाई दोस्रो प्राथमिकता र दुई पटक बसेकोलाई तेस्रो प्राथमिकतामा राखी कार्यालय प्रमुखको जिम्मेवारीमा सरुवा गरिनेछ ।

ख. कार्यालय प्रमुखको रुपमा खटिएका प्रहरी निरीक्षकहरु सामान्यतया १ बर्ष अवधिसम्म सो जिम्मेवारीमा वहाल रहनेछन् ।

ग. एउटा कार्यालय प्रमुखको जिम्मेवारी सकिएको १ वर्ष अवधि पुरा नभई अर्को कार्यालय प्रमुखको जिम्मेवारी दिइने छैन ।

घ. निलम्बनमा परेका प्रहरी निरीक्षकहरु सरुवाको बार्षिक समयतालिकासम्म पनि निलम्वनमा रहेमा नियमित सेवा प्रवाह गर्ने प्रहरी कार्यालयबाट अन्यत्र प्रहरी कार्यालयमा सरुवा गरिनेछ ।

ङ. निलम्वनमा परी फुकुवा भएका प्रहरी निरीक्षकहरुलाई कम्तीमा दुई बर्ष र पून: वहाली भएका प्रहरी निरीक्षकहरुलाई कम्तीमा तीन वर्ष अवधि पुरा नगरेसम्म कार्यालय प्रमुखको रुपमा सरुवा गरिनेछैन ।

च. कार्यालय प्रमुखको जिम्मेवारी वहन गर्दा कार्यसम्पादन सन्तोषजनक नभएको वा आचरण विपरीत कार्य गरेको कारण कुनै विभागिय सजायँ भएको अवस्थामा सजायँ भएको मितिले कम्तिमा २ बर्षसम्म कार्यालय प्रमुखको रुपमा खटाईने छैन ।

छ. कार्यसम्पादन क्षमता कमजोर भएका, आर्थिक अनुशासन र नैतिकता कमजोर भएका तथा सुपरीवेक्षकको मूल्याङ्कनमा कैफियत गरिएका प्रहरी निरीक्षकहरुलाई सामान्यतया कार्यालय प्रमुखको जिम्मेवारी दिइने छैन ।

ज. विभागिय कारवाही भएका प्रहरी निरीक्षकलाई कारवाही भएको मितिले २ वर्षसम्म कार्यालय प्रमुखको रुपमा खटाईने छैन ।

झ. कुनै सेवा विशिष्टिकृत कार्य क्षेत्र (व्यूरोहरु, अपराध महाशाखा तथा प्रशिक्षण केन्द्र आदि) मा कार्यरत रहेका प्रहरी निरीक्षकहरुलाई सरुवा गर्दा सम्बन्धित कार्यालयसँग आवश्यक समन्वय गरी सम्बन्धित कार्यालय / व्यूरोको सिफारिसलाई प्राथमिकतामा राखी सरुवा गरिनेछ ।

ञ. नयाँ नियुक्ति भएका प्रहरी निरीक्षकहरुलाई प्रहरी निरीक्षक आधारभूत तालिम पुरा गरेको एक वर्ष अवधि नपुगी कार्यालय प्रमुखको रुपमा खटाईने छैन ।

ट. प्रहरी निरीक्षक पदमा बढुवा भई पदस्थापना गर्दा कार्यालय प्रमुख हुने गरी पदस्थापना गरिने छैन र बढुवा तथा पदस्थापना भएको कम्तिमा एक वर्ष अवधि नपुगी कार्यालय प्रमुखको रुपमा खटाईने छैन ।

ठ. पहिलो पटक कार्यालय प्रमुखको जिम्मेवारीमा खटाउँदा जिल्ला प्रहरी कार्यालय, ईलाका प्रहरी कार्यालय जस्ता सक्रिय प्रहरी कार्य हुने ईकाइहरुमा सहायक दरवन्दीमा कम्तीमा १ बर्ष कार्यरत रहेकोलाई पहिलो प्राथमिकता र अन्य सहायक दरवन्दीमा कार्यरत रहेकोलाई त्यस पछिको प्राथमिकतामा राखिनेछ ।

नेपाल सरकार गृह मन्त्रालय नेपाल प्रहरी प्रधान कार्यालय नक्साल

ड. पहिलो पटक कार्यालय प्रमुखको जिम्मेवारी दिँदा जेष्ठताको आधारमा कार्यसम्पादन उत्कृष्ट भएका प्रहरी निरीक्षकहरुलाई प्राथमिकतामा राखी यस मापदण्डको परिशिष्ट ६ मा उल्लेखित 'ग' वा 'ख'श्रेणीको कार्यालयमा मात्र प्रमुखको जिम्मेवारी दिइनेछ ।

ढ. दोस्रोपटक कार्यालय प्रमुखको जिम्मेवारी दिँदा प्रहरी निरीक्षकहरुलाई जेष्ठताको आधारमा कार्य सम्पादन स्तर समेत हेरी यस मापदण्डको परिशिष्ट ६ मा उल्लेखित 'क', 'ख' र 'ग' श्रेणीका कार्यालयहरुमा नदोहोऱ्याई आलोपालो हुने गरी कार्यालय प्रमुखको रुपमा खटाईने छ ।

ण. प्रहरी निरीक्षक दर्जाको सेवा अवधिमा न्यूनतम २ वटा र अधिकतम ३ वटा कार्यालय प्रमुखको जिम्मेवारी प्रदान गरिनेछ ।

त. तेस्रोपटक कार्यालय प्रमुखको रुपमा खटाउँदा यस मापदण्डको परिशिष्ट ६ मा उल्लेखित 'क' श्रेणीका कार्यालयहरुमा पून: दोहोरिने गरी सरुवा गरिने छैन ।

थ. संगठनको आवश्यकताले गर्दा, स्तर उन्नती भएका कार्यालय प्रमुखको दरवन्दी कायम भई कार्यालय प्रमुखको रुपमा जिम्मेवारी वहन गर्न नपाएका प्रहरी निरीक्षकलाई पून:कार्यालय प्रमुखको रुपमा खटाउन सकिनेछ ।

द. पूर्व दरवन्दी भएको जिल्ला वा कार्यालय र वतन जिल्लामा सरुवा गरिने छैन ।

ध. खाली रहेको दरवन्दीको अनुपातको आधारमा प्रदेशगत रुपमा सन्तुलन हुने गरी सरुवा गरिनेछ र दैनिक रुपमा व्यस्त हुने प्रहरी कार्यालयहरुमा दरवन्दी खाली नरहने गरी सरुवा व्यवस्थापन गरिनेछ ।

न. कार्यसम्पादनको स्तर सन्तोषजनक नभई जिम्मेवारीबाट हटाउनु पर्ने देखिएमा १ बर्ष अवधि नपुग्दै पनि कार्यसम्पादन स्तरको मूल्यांकन गरी कारण खुलाई सरुवा गर्न सकिनेछ ।

प. कार्यसम्पादन स्तर सन्तोषजनक नभएका र कार्यालय प्रमुख दिन नहुने भनि कैफियत गरिएका प्रहरी निरीक्षकलाई पून: कार्यालय प्रमुख दिईने छैन । तर निजको आचरण व्यबहारमा सुधार भई कार्यालय प्रमुख दिन उपयुक्त लागेमा कार्यालय प्रमुखबाट हटेको मितिले २ वर्ष पश्चात कार्यालय प्रमुखको रुपमा खटाउन सकिने छ ।

फ. नयाँ नियुक्ति भई आधारभूत तालिम सम्पन्न गरेका प्रहरी निरीक्षकहरुलाई कार्यक्षेत्रको अनुभव प्राप्ती उद्देश्यार्थ सहायक दरवन्दीमा मात्र सरुवा गरिनेछ ।

ब. प्रहरी विद्यालयमा खटाउँदा स्नातकोत्तर गरेको प्रहरी निरीक्षकलाई प्राथमिकताको आधारमा सरुवा गरिनेछ । सामान्यतया पहिलो पटक कार्यालय प्रमुखको जिम्मेवारी निर्वाह गरिसकेको प्रहरी निरीक्षकलाई दोस्रो पटक ईन्चार्ज खटाउनुपर्ने अवस्थामा मात्र प्रहरी विद्यालयमा कार्यालय प्रमुखको रुपमा खटाईनेछ ।

भ. कार्यालय प्रमुखको रुपमा सरुवा गर्दा कुनै कारण देखाई हाजिर हुन नगएमा पून: कार्यालय प्रमुखमा खटाउँदा सोही स्तर / श्रेणीको कार्यालयमा मात्र सरुवा गरिनेछ ।

म. प्रहरी निरीक्षक दर्जामा प्राप्त गर्नुपर्ने कार्यालय प्रमुखको अवसर प्राप्त गरी थप अवधि खटाउनुपर्ने अवस्थामा वरियताक्रमानुसार कार्यसम्पादन स्तर समेत हेरी खटाईने छ ।

य. सहायक दरबन्दीमा सरुवा गर्दा प्रहरी नियमावलीको अनुसूची ९ मा वर्गीकरण गरिए अनुसार र यस मापदण्डको परिशिष्टको-७ बमोजिम आलोपालो हुने गरी सरुवा गरिनेछ ।

**११. जुनियर प्रहरी अधिकृतको हकमा :**

क. सामान्यतया वतन पायक पर्ने प्रदेशमा प्राथमिकताका साथ सरुवा गरिनेछ ।

नेपाल सरकार गृह मन्त्रालय नेपाल प्रहरी प्रधान कार्यालय नक्साल

ख. पूर्व दरवन्दी भएको जिल्ला वा कार्यालय र वतन जिल्लामा सरुवा गरिने छैन ।

ग. जनपद प्रहरी समूहतर्फको शुरु पदस्थापना भएको हकमा दुई बर्ष पुरा नभई सरुवा गरिने छैन । तर नयाँ नियुक्ति भएका प्रहरी कर्मचारीलाई दरबन्दी मिलाउन नसकि खाली दरबन्दीमा पदस्थापन गरिएको अवस्थामा आवश्यकता अनुसार दरबन्दी मिलान गर्ने प्रयोजनार्थ तोकिएको समय अगावै सरुवा गर्न सकिनेछ ।

घ. प्रहरी प्रशिक्षण केन्द्रमा सरुवा गर्दा कवाज प्रशिक्षक प्रशिक्षण वा प्रशिक्षक प्रशिक्षण (TOT) तालीम गरेका, कार्यानुभव, शैक्षिक योग्यता, तालीम र आचरण व्यवहार समेत हेरी सरुवा गरिनेछ ।

ङ. नेपाल प्रहरी प्रधान कार्यालय र प्रदेश प्रहरी कार्यालयहरूले आफ्नो मातहतका जिल्लाहरुलाई प्रहरी नियमावली २०७१ (संशोधन सहित) अनुसुची ९ मा भएको भौगोलिक क्षेत्रको बर्गीकरण अनुरूप चक्रिय प्रणाली अपनाई आलोपालो सरुवा गरी सबै भौगोलिक क्षेत्रमा सम्भव भएसम्म समान रुपले प्रहरी कर्मचारीको सरुवा व्यवस्थापन गर्नेछ र यसरी सरुवा गर्दा सुगमबाट दुर्गम र दुर्गमबाट सुगम, तराईबाट पहाड / हिमाल, पहाड / हिमालबाट तराई र शहरी क्षेत्र वा काठमाण्डौ उपत्यकामा आलोपालो मिलाई गरिनेछ ।

च. एक प्रदेशबाट वा अन्यत्रबाट कुनै प्रदेशमा र सरुवा गर्दा नेपाल प्रहरी प्रधान कार्यालयले सरुवा गर्नेछ र सो पश्चात प्रदेशको क्षेत्राधिकार भित्रको सरुवा सम्बन्धित प्रदेशले गर्नेछ ।

छ. संयुक्त राष्ट्र संघ वा सोही प्रकृतिका बैदेशिक सेवामा कार्यरत रही मिशन पुरा गरी फर्केका प्रहरी कर्मचारीलाई आवश्यकता अनुसार सहायक दरबन्दीमा मात्र खटाईनेछ ।

ज. इलाका प्रहरी कार्यालय वा प्रहरी चौकीमा कार्यालय प्रमुखको रुपमा सरुवा गर्दा ज्येष्ठताको आधारमा पहिले अवसर नपाएकालाई प्राथमिकतामा राखि सरुवा गरिनेछ ।

झ. पर्यटक प्रहरी कार्यालयहरुमा सरुवा गर्दा कम्तिमा प्रविणता प्रमाणपत्र तह वा सो सरह पास भएका प्रहरी कर्मचारी मध्ये अन्य विदेशी भाषा बोल्न र लेख्न जान्नेलाई प्राथमिकतामा राखी सरुवा गरिनेछ ।

ञ. विविध कारणले प्रहरी सेवाबाट अलग भई पुनर्वहाली भएका जुनियर प्रहरी अधिकृतहरुलाई कम्तिमा दुई बर्ष सम्म बिशेष सुरक्षा गण वा प्रदेश प्रहरी गणमा पदस्थापना गरिनेछ ।

## १२. प्रहरी जवानदेखि प्रहरी वरिष्ठ हवल्दार सम्मको हकमा:

क. नेपाल प्रहरी प्रधान कार्यालय र प्रदेश प्रहरी कार्यालयहरूले आफ्नो मातहतका जिल्लाहरुलाई प्रहरी नियमावली २०७१ (संशोधन सहित) अनुसुची ९ मा भएको भौगोलिक क्षेत्रको विवरण अनुरूप चक्रिय प्रणाली अपनाई आलोपालो सरुवा गरी सबै भौगोलिक क्षेत्रमा सम्भव भएसम्म समान रुपले प्रहरी कर्मचारीको सरुवा व्यवस्थापन गर्नेछ र यसरी सरुवा गर्दा सुगमबाट दुर्गम र दुर्गमबाट सुगम, तराईबाट पहाड / हिमाल, पहाड / हिमालबाट तराई र शहरी क्षेत्र वा काठमाण्डौं उपत्यकामा आलोपालो मिलाई गरिनेछ ।

ख. जनपद प्रहरी समूहतर्फको शुरु पदस्थापना भएकाको हकमा तीन बर्ष पुरा नभई सरुवा गरिने छैन । तर नयाँ नियुक्ति भएका र बढूवा भई पदस्थापना गर्नु पर्ने प्रहरी कर्मचारीलाई दरबन्दी मिलाउन नसकि खाली दरबन्दीमा पदस्थापन गरिएको अवस्थामा दरबन्दी मिलान गर्ने प्रयोजनार्थ तोकिएको समय अगावै सरुवा गर्न सकिनेछ ।

नेपाल सरकार
गृह मन्त्रालय
नेपाल प्रहरी प्रधान कार्यालय
नक्साल

ग. एक प्रदेशबाट वा अन्यत्रबाट कुनै प्रदेशमा र सरुवा गर्दा नेपाल प्रहरी प्रधान कार्यालयले सरुवा गर्ने छ र सो पश्चात प्रदेशको क्षेत्राधिकार भित्रको सरुवा सम्बन्धित प्रदेशले गर्नेछ ।

घ. सामान्यतया प्रहरी जवानदेखि प्रहरी वरिष्ठ हवल्दारहरूलाई वतन पायक पर्ने नजिकका जिल्लाहरुमा प्राथमिकताका साथ सरुवा गरिनेछ । नजिकको जिल्लाभित्र सम्भव नभएमा नजिकको पायक पर्ने प्रदेशका जिल्लाहरुमा सरुवा गरिनेछ ।

ङ. एउटै दर्जामा पून: दोहोरिने गरी पूर्व दरवन्दी भएको जिल्लामा / कार्यालयमा र वतन भएको जिल्लामा सरुवा गरिने छैन ।

च. दुर्गम तथा हिमाली क्षेत्रमा १ बर्ष कार्यरत रहे पश्चात सरुवा गरिनेछ ।

छ. प्रशिक्षण केन्द्रमा सरुवा गर्दा कम्तिमा SLC / SEE उत्तीर्ण भएका प्रहरी कर्मचारीलाई प्राथमिकतामा राखिनेछ ।

ज. काठमाण्डौं उपत्यकाबाट आफुलाई पायक पर्ने वतन प्रदेशमा सरुवा गर्दा काठमाण्डौं उपत्यकाभित्र बढी समय अवधि कार्य गरेको प्रहरी कर्मचारीलाई प्राथमिकतामा राखी वतन पायक पर्ने प्रदेशहरुमा सरुवा गरिनेछ ।

झ. सामान्यतया प्रहरी जवान / प्रहरी सहायक हवल्दारलाई ३ बर्ष र प्रहरी हवल्दार / प्रहरी बरिष्ठ हवल्दारलाई २ बर्ष अवधि पुरा भए पश्चात काठमाण्डौं उपत्यका अन्तर्गतबाट पायक पर्ने वतन प्रदेश अन्तर्गतमा वा छिमेकी प्रदेश अन्तर्गतमा सरुवा गरिने छ । (स्पष्टिकरण:- प्रहरी कर्मचारीको अवधि गणना गर्दा पूर्व दर्जामा बसेको अवधि समेतलाई गणना गरिनेछ)

ञ. अन्यत्र प्रदेशबाट उपत्यकाभित्र अथवा अन्य प्रदेशहरुमा सरुवा गर्दा बढी समय अवधि कार्य गरेको प्रहरी कर्मचारीलाई प्राथमिकतामा राखी आवश्यकता अनुसार सरुवा गरिनेछ ।

ट. विशिष्टकृत कार्यालयहरुमा सरुवा गर्दा सम्बन्धित कार्यालयहरुले सम्पादन गर्ने कार्य प्रकृतिसँग सम्बन्धित बिषयमा तालीम प्राप्त गरेका प्रहरी कर्मचारीलाई प्राथमिकतामा राखी सरुवा गरिनेछ ।

ठ. पर्यटक प्रहरी कार्यालयहरुमा सरुवा गर्दा कम्तिमा प्रविणता प्रमाणपत्र तह वा सो सरह पास भएका प्रहरी कर्मचारी मध्ये अन्य विदेशी भाषा बोल्न र लेख्न जान्नेलाई प्राथमिकतामा राखी सरुवा गरिनेछ ।

ड. विविध कारणले प्रहरी सेवाबाट अलग भई पुनर्वहाली भएका प्रहरी जवानदेखि प्रहरी वरिष्ठ हवल्दारहरूलाई बिशेष सुरक्षा गण वा प्रदेश प्रहरी गणमा पदस्थापना गरिनेछ । यसरी पदस्थापन गर्दा पहिले गार्ड दरबन्दीमा बस्नु पर्ने अवधि बसिसकेको भएमा कम्तिमा २ बर्ष पश्चात र नबसेको भए यस मापदण्डमा उल्लेखित दर्जागत अवधि पुरा गरे पश्चात मात्र अन्यत्र सरुवा गरिनेछ ।

ढ. नेपाल प्रहरी बिशेष सुरक्षा गण, प्रदेश प्रहरी गण लगायतका कार्यालयहरुमा गार्ड दरवन्दी भएका प्रहरी जवानहरुलाई सामान्यतया ५ बर्ष नपुगी अन्यत्र दरवन्दीमा सरुवा गरिने छैन तर सोही प्रकृतिका कार्यालयहरुमा १ बर्ष पश्चात पनि सरुवा गर्न सकिनेछ ।

ण. आवश्यकता बमोजिम सिभिलबाट गार्ड समेत सरुवा गर्न सकिनेछ र सिभिलबाट गार्डतर्फ सरुवा गर्दा पुर्व दरबन्दीहरुमा गार्ड नबसेको प्रहरी कर्मचारीहरुलाई प्राथमिकता दिईनेछ ।

त. संयुक्त राष्ट्र संघ वा सोही प्रकृतिका बैदेशिक सेवामा कार्यरत रही मिशन पुरा गरी फर्केका प्रहरी कर्मचारीलाई आवश्यकता अनुसार खटाईनेछ ।

नेपाल सरकार
गृह मन्त्रालय
प्रहरी प्रधान कार्यालय
नक्साल

थ. नयाँ भर्ना भई तालीम समापन भएका प्रहरी जवानहरुलाई सरुवा तथा पदस्थापना गर्दा नेपाल प्रहरी बिशेष सुरक्षा गण, प्रदेश प्रहरी गण, विपद व्यवस्थापन कार्यालय र कार्यदल लगायतका दरवन्दीमा सरुवा तथा पदस्थापना गर्न प्राथमकितामा राखिनेछ तर सो बमोजिम गर्नको लागी त्यस्ता प्रहरी कार्यालयहरुमा पर्याप्त खाली दरवन्दी नभएको अवस्थामा कार्यरत रहेका प्रहरी जवानहरु मध्ये कार्यरत अवधी बढी भएकाहरुलाई प्राथमिकतामा राखी तोकिएको अवधी नपुगेको भएतापनि अन्यत्र दरबन्दीमा सरुवा गर्न सकिनेछ ।

**१३. प्रहरी कार्यालय सहयोगीको हकमा:**

क. प्रहरी कार्यालय सहयोगीहरुलाई भर्ना भएको विशिष्टिकृत कार्य क्षेत्र अनुसार सम्बन्धित कार्यालयको आवश्यकतालाई समेत मध्यनजर गरी सरुवा गरिनेछ ।

ख. सरुवा हुन चाहने प्रहरी कार्यालय सहयोगीलाई निजको चाहना र काम गर्ने क्षेत्र वा समूहको आधारमा मात्र सरुवा गरिनेछ । नियुक्ति भएको क्षेत्र/समूहबाट अन्यमा सरुवा गरिने छैन ।

ग. प्रहरी कार्यालय सहयोगीलाई सरुवा गर्दा वतन जिल्लामा समेत सरुवा गर्न सकिनेछ ।

घ. शुरु नियुक्ति हुँदा हाल उल्लेखित बाहेक खेलाडी लगायत अन्य कुनै समूहमा भर्ना भएका प्र.का.स. हरुलाई निजहरुको विशिष्टिकृत जिम्मेवारी पश्चात सिप, क्षमता, दक्षता र संगठनको आवश्यकता हेरी जुनसुकै समूहमा पनि कामकाज लगाउन सकिने छ ।

## परिच्छेद - ३
## विशिष्टिकृत सेवा क्षेत्र वा विशेष समूहमा गरिने सरुवा सम्बन्धि मापदण्ड

**१४. विशिष्टिकृत व्यूरोहरुको हकमा:**

क. नयाँ नियुक्ति भएका प्रहरी कर्मचारीलाई विशिष्टिकृत व्यूरोहरुमा पदस्थापना तथा सरुवा गरिने छैन । तर नयाँ नियुक्ति तथा बढुवा भएका प्रहरी कर्मचारीलाई अन्यत्र दरबन्दी खाली नभई दरवन्दी दिनु पर्ने अवस्थामा पदस्थापन गर्न सकिनेछ र अन्यत्र दरवन्दी खाली भए सँगै सरुवा गरिनेछ ।

ख. सम्बन्धित व्यूरोहरुले आफ्नो कार्य प्रकृतिको लागी आवश्यक पर्ने तालिम प्राप्त प्रहरी कर्मचारीको विवरण अद्यावधिक गरी सो को आधारमा गरेको सिफारिसलाई प्राथमिकतामा राखी सरुवा गरिनेछ ।

ग. सिनियर प्रहरी अधिकृतको हकमा कम्तिमा १ बर्ष अनुसन्धान अधिकृत भई काम गरेको र अपराध अनुसन्धानको क्षेत्रमा कम्तिमा २ बर्ष काम गरेका प्रहरी अधिकृतहरुलाई मात्र बिशिष्टिकृत व्यूरो कार्यालयहरुमा सरुवा गरिनेछ ।

घ. विशिष्टिकृत व्यूरो कार्यालयहरुमा कार्यरत प्रहरी निरीक्षक र प्रहरी नायव उपरीक्षकको हकमा कम्तिमा २ बर्ष अवधि पुरा नभई सरुवा गरिने छैन ।

ङ. विशिष्टिकृत व्यूरो कार्यालयहरुमा कार्यरत सिनियर प्रहरी अधिकृतको हकमा सम्बन्धित व्यूरोले सिफारिस गरेको अवस्थामा बाहेक ३ बर्ष अवधि पुगेकालाई अनिवार्य रुपमा अन्यत्र व्यूरो वा अनुसन्धान गर्ने कार्यालय वा अन्यत्र कार्यालयहरूमा सरुवा गरिनेछ ।

नेपाल सरकार
गृह मन्त्रालय
नेपाल प्रहरी कार्यालय
नक्साल

च. विशिष्टिकृत व्यूरो कार्यालयहरुमा कार्यरत जुनियर प्रहरी अधिकृत भन्दा मुनिका सम्पुर्ण दर्जाको हकमा सम्बन्धित व्यूरोले सिफारिस गरेको अवस्थामा बाहेक ५ बर्ष अवधी पुगेकालाई अनिवार्य रुपमा अन्यत्र व्यूरो वा अनुसन्धान गर्ने कार्यालय वा अन्यत्र कार्यालयहरूमा सरुवा गरिनेछ ।

छ. विशिष्टिकृत व्यूरोहरुमा प्रहरी कर्मचारी खटाउँदा अनिवार्य रुपमा Vetting गरी मात्र खटाईने छ ।

ज. सम्बन्धित व्युरोले कैफियत गरेको प्रहरी कर्मचारीको हकमा सरुवा मापदण्डको अधिनमा रही अन्यत्र कार्यालयहरुमा सरुवा गरिनेछ ।

**१५. ट्राफिक प्रहरी कार्यालयहरुको हकमा:**

क. ट्राफिक सम्बन्धि तालिम प्राप्त प्रहरी कर्मचारीलाई प्राथमिकतामा राखी ट्राफिक प्रहरी कार्यालयहरुमा सरुवा गरिनेछ ।

ख. नेपाल प्रहरी प्रधान कार्यालय, राजमार्ग सुरक्षा तथा ट्राफिक व्यवस्थापन महाशाखाबाट तालिम प्राप्त प्रहरी कर्मचारीको विवरण अद्यावधिक गरी ट्राफिक तर्फ सरुवा हुन ईच्छुक कर्मचारी मध्ये जेष्ठतालाई प्राथमिकतामा राखी गरेको सिफारिसको आधारमा ट्राफिकतर्फ सरुवा गरिनेछ ।

ग. ट्राफिक प्रहरी कार्यालयमा प्रहरी कर्मचारीको सरुवा गर्दा एक दर्जामा ५ बर्ष र विभिन्न दर्जामा गरी १० बर्षको कार्य अवधि भन्दा बढी हुने गरी सरुवा गरिने छैन । तर तालिम प्राप्त जनशक्तिको अपुग हुन गई तोकिएभन्दा लामो अवधिसम्म राख्नुपर्ने अवस्थामा ट्राफिक तर्फ सवैभन्दा लामो कार्यावधि भएकाहरुमध्येबाट क्रमश: अन्यत्र सरुवा गर्दै लगिने छ ।

घ. ट्राफिक प्रहरी कार्यालयमा कार्यरत प्रहरी कर्मचारी बढुवा भए पश्चात नेपाल प्रहरी प्रधान कार्यालय, राजमार्ग सुरक्षा तथा ट्राफिक व्यवस्थापन महाशाखा / ट्राफिक महाशाखाको सिफारिसलाई प्राथमिकतामा राखी ट्राफिक तर्फ पदस्थापना तथा सरुवा गरिने छ ।

ङ. ट्राफिक प्रहरीमा कार्यरत रहँदा प्रहरी आचरण विपरीत कार्य गर्ने प्रहरी कर्मचारीलाई कुनै पनि बेला ट्राफिक बाहेकका अन्य सेवामा सरुवा / काज गरिनेछ र यस्ता प्रहरी कर्मचारीलाई ट्राफिक सेवामा पून: सरुवा गरिने छैन ।

च. ट्राफिक दरवन्दीमा पहिलोपटक सरुवा गर्दा उपत्यकाभित्रका ट्राफिक दरवन्दीमा सरुवा गर्न प्राथमकिता दिईनेछ र सो पश्चात सरुवा मापदण्ड अनुरुप अन्य ट्राफिक प्रहरी कार्यालयमा सरुवा गरिने छ । यसरी सरुवा गर्दा काठमाण्डौ उपत्यका भित्रका ट्राफिक कार्यालयमा बढी कार्यावधि भएका प्रहरी कर्मचारीलाई प्राथमिकतामा राखी काठमाण्डौ उपत्यका भन्दा बाहिर सरुवा गरिनेछ ।

छ. सामान्यतया नयाँ नियुक्ति तथा बढुवा भएका प्रहरी कर्मचारीको ट्राफिक दरवन्दीमा पदस्थापना गरिने छैन तर दरवन्दी अपुग भएको कारणले पदस्थापना गर्नुपर्ने बाध्यात्मक अवस्थामा ट्राफिक तालिम नभए पनि पदस्थापना गर्न सकिनेछ तर अन्यत्र दरवन्दी खाली हुनासाथ त्यस्ता प्रहरी कर्मचारीलाई क्रमश: खाली दरवन्दीमा सरुवा गरिनेछ ।

ज. ट्राफिक तर्फ कार्यरत प्रहरी कर्मचारीहरुलाई सरुवा गर्दा कार्य अवधी हेरी काठमाण्डौ उपत्यकाभित्र र काठमाण्डौ उपत्यका बाहिरका ट्राफिक दरबन्दीहरुमा आलोपालो हुने गरी सरुवा व्यवस्थापन गरिनेछ ।

नेपाल सरकार गृह मन्त्रालय प्रहरी प्रधान कार्यालय नक्साल

झ. ट्राफिक प्रहरीमा कार्यरत प्रहरी कर्मचारीहरुलाई अन्यत्र (सिभिल वा गार्डमा) सरुवा गर्दा ट्राफिक प्रहरीमा कार्यरत अवधिको आधारमा सबैभन्दा लामो अवधिसम्म (पटक-पटक वा निरन्तर) कार्य गरेकालाई प्राथमिकतामा राखी सरुवा गरिनेछ ।

ञ. ट्राफिकबाट ट्राफिक वा ट्राफिकबाट सिभिल / गार्डमा सरुवा गर्दा नेपाल प्रहरी प्रधान कार्यालयले एकै प्रदेश पनि सरुवा गर्न सक्नेछ ।

**१६. लेखा अधिकृत तथा लेखापाल / सहायक लेखापालहरुको हकमा:**

क. आर्थिक प्रशासनसँग सम्बन्धित तालिम गरेका प्रहरी कर्मचारीलाई मात्र लेखा अधिकृत तथा लेखापाल / सहायक लेखापालको रुपमा जिम्मेवारी प्रदान गरिनेछ ।

ख. नेपाल प्रहरी प्रधान कार्यालय, आर्थिक प्रशासन महाशाखाले आर्थिक प्रशासनसँग सम्बन्धित तालिम प्राप्त प्रहरी कर्मचारीको विवरण अद्यावधिक गरी आन्तरिक नीति बमोजिम गरेको सिफारिसको आधारमा लेखा अधिकृत तथा लेखापाल / सहायक लेखापालको सरुवा गरिनेछ ।

ग. लेखा अधिकृत तथा लेखापाल / सहायक लेखापालको रुपमा खटिने अवधि नेपाल प्रहरी प्रधान कार्यालय आर्थिक प्रशासन शाखाबाट निर्धारण गरिएको आन्तरिक नीति बमोजिम हुनेछ ।

घ. लेखा अधिकृत तथा लेखापाल / सहायक लेखापालको रुपमा खटिँदा आर्थिक अनियमितता गरी विभागिय कारवाही भएका प्रहरी कर्मचारीलाई पून: लेखा अधिकृतको रुपमा खटाईने छैन ।

ङ. लेखापाल/सहायक लेखापालको रुपमा खटिने प्रहरी कर्मचारीको हकमा लेखापाललाई ६ बर्ष र सहायक लेखापालहरुलाई १० बर्ष भन्दा बढी अवधिसम्म खटाईने छैन ।

**१७. SOCO तथा SOCO सहायकको हकमा:**

क. SOCO तथा SOCO सहायक तालीम प्राप्त गरेका प्रहरी कर्मचारीलाई मात्र SOCO तथा SOCO सहायकको रुपमा सरुवा गरिने छ ।

ख. नेपाल प्रहरी प्रधान कार्यालय, अपराध अनुसन्धान विभागले SOCO तथा SOCO सहायक तालीम प्राप्त गरेका प्रहरी कर्मचारीको विवरण अद्यावधिक गरी सो को आधारमा गरेको सिफारिस बमोजिम सरुवा गरिनेछ ।

ग. SOCO समूहमा काम गर्न अनिच्छुक भएमा वा निजको कार्य सम्पादन सन्तोषजनक नभएमा नेपाल प्रहरी प्रधान कार्यालय, अपराध अनुसन्धान विभागबाट प्राप्त भएको सिफारिसको आधारमा SOCO बाट हटाई अन्यत्र कार्यालयमा सरुवा गरिनेछ ।

घ. SOCO तथा सहायक SOCO को रुपमा खटिने अवधि नेपाल प्रहरी प्रधान कार्यालय अपराध अनुसन्धान विभागबाट निर्धारण गरिएको आन्तरिक नीति बमोजिम हुनेछ ।

**१८. विशिष्ट व्यक्तिको सुरक्षा, व्यक्तिगत सुरक्षा अधिकृत (PSO)को हकमा:**

क. सुरक्षा सम्बन्धि तालिम प्राप्त गरी शारिरीक तथा मानसिक रुपमा स्वस्थ भएको ४० बर्ष नकटेको प्रहरी कर्मचारीलाई मात्र विशिष्ट व्यक्तिको सुरक्षामा खटाईनेछ ।

नेपाल सरकार प्रहरी प्रधान कार्यालय नक्साल

ख. नेपाल प्रहरी प्रधान कार्यालय, सुरक्षा सेवा व्यवस्थापन निर्देशनालयले सुरक्षा सम्बन्धी तालिम प्राप्त गरेका प्रहरी कर्मचारीको विवरण अद्यावधिक गरी आवश्यकताको आधारमा गरेको सिफारिसलाई प्राथमिकतामा राखी सरुवा गरिनेछ ।

ग. अति विशिष्ट तथा विशिष्ट व्यक्तिको सुरक्षामा व्यक्तिगत सुरक्षा अधिकृत (PSO) को रुपमा खटिने प्रहरी कर्मचारीलाई सामान्यतया एकपटकमा ३ बर्ष र सेवा अवधि भरमा अधिकतम ५ बर्ष भन्दा बढी अवधिको लागि खटाईने छैन ।

**१९. पोलिग्राफीमा कार्य गर्ने प्रहरी कर्मचारीको हकमा:**

क. पोलिग्राफी तालिम प्राप्त गरेका प्रहरी कर्मचारीलाई मात्र पोलिग्राफीतर्फ सरुवा गरिने छ ।

ख. नेपाल प्रहरी प्रधान कार्यालय, अपराध अनुसन्धान विभागले पोलिग्राफ सम्बन्धि तालिम प्राप्त गरेका प्रहरी कर्मचारीको विवरण अद्यावधिक गरी सो को आधारमा गरेको सिफारिस बमोजिम सरुवा गरिनेछ ।

ग. पोलिग्राफीतर्फ काम गर्न अनिच्छुक भएमा वा निजको कार्य सम्पादन सन्तोषजनक नभएमा नेपाल प्रहरी प्रधान कार्यालय, अपराध अनुसन्धान विभागबाट प्राप्त भएको सिफारिसको आधारमा मात्र पोलिग्राफीबाट हटाई अन्यत्र कार्यालयमा सरुवा गरिनेछ ।

**२०. प्रहरी विद्यालय तर्फ:**

क. स्नातकोत्तर तह उत्तीर्ण गरेको र प्रशिक्षक प्रशिक्षण तालिम प्राप्त गरेको सिनियर प्रहरी कर्मचारीलाई मात्र प्रहरी विद्यालयमा कार्यालय प्रमुखको रुपमा सरुवा गरिनेछ ।

ख. प्रहरी विद्यालयमा रहेका सहायक दरवन्दीमा सरुवा गर्दा जु.प्र.अ.को हकमा कम्तिमा आई.ए. वा सो सरह उत्तीर्ण गरेको र अन्य दर्जाको हकमा कम्तिमा एस.एल.सी. / एस.ई.ई. उत्तीर्ण गरेको हुनुपर्नेछ ।

ग. प्रहरी विद्यालयमा अध्ययनरत विद्यार्थीका अभिभावक प्रहरी कर्मचारीलाई सोही विद्यालयमा सरुवा गरिने छैन । सरुवा भैसकेको अवस्थामा विद्यालयबाट हटाई अन्यत्र सरुवा गरिनेछ ।

**२१. प्रहरी प्रशिक्षण तर्फ:**

क. प्रशिक्षण केन्द्रको प्रमुखको रुपमा सरुवा सिफारिस गर्दा अघिल्ला दर्जामा कम्तिमा एक दरवन्दी प्रशिक्षण केन्द्रमा प्रशिक्षकको रुपमा कार्यानुभव भएको प्रहरी कर्मचारीलाई प्राथमिकतामा राखी सरुवा सिफारिस गरिनेछ तर सरुवा हुने उम्मेदवारहरुको सो अनुभव नभएमा शैक्षिक योग्यता, प्रशिक्षक प्रशिक्षण तालिम, कार्यक्षमता, व्यक्तिगत छवि लगायतलाई प्राथमिकतामा राखी सरुवा सिफारिस गरिनेछ ।

ख. नेपाल प्रहरी प्रधान कार्यालय ,तालिम शाखाको सिफारिस बमोजिम प्रशिक्षक प्रशिक्षण तालिम प्राप्त गरेका सिप्रअहरुको विवरण अद्यावधिक गरी कार्यक्षमता र अनुभवको आधारमा गरेको सिफारिसलाई प्राथमिकतामा राखी सरुवा गरिनेछ ।

ग. जु.प्र.अ. र सो भन्दा तलका अन्य दर्जाका प्रहरी कर्मचारीलाई प्रशिक्षण केन्द्रहरुमा सरुवा गर्दा शैक्षिक योग्यता, प्रशिक्षक प्रशिक्षण तालीम, कार्यक्षमता, व्यक्तिगत छवि लगायतलाई प्राथमिकतामा राखी सरुवा गरिनेछ ।

घ. प्रशिक्षण कार्य बाहेक प्रशासनिक लगायत अन्य कार्यको लागी सरुवा गर्दा सरुवा मापदण्ड बमोजिम गरिनेछ ।

नेपाल सरकार
गृह मन्त्रालय
प्रहरी प्रधान कार्यालय
नक्साल

## २२. विपद व्यवस्थापन तर्फः

क. सामान्यतया विपद व्यवस्थापन सम्बन्धी तालिम प्राप्त गरेका प्रहरी कर्मचारीलाई मात्र विपद व्यवस्थापन कार्यालयहरुमा सरुवा गरिनेछ ।

ख. विपद व्यवस्थापन कार्यालयले विपद व्यवस्थापन सम्बन्धि तालिम प्राप्त गरेका प्रहरी कर्मचारीको विवरण अद्यावधिक गरी सोको आधारमा गरेको सिफारिसलाई प्राथमिकतामा राखी सरुवा गरिनेछ ।

ग. विपद व्यवस्थापन कार्यालय र सोही प्रकृतिका अन्य विपद गुल्महरुमा सरुवा गर्दा "विपद व्यवस्थापन कार्यालय तथा मातहत कार्यालयहरुको सञ्चालन कार्यादेश, २०७३" अनुसार सरुवा गरिनेछ ।

## २३. प्राविधिक समूहतर्फः

क. प्राविधिक प्रहरी सेवा समूह अन्तर्गत जुन प्राविधिक उपसमूहमा नयाँ नियुक्ति तथा बढुवा भएको हो सोही उपसमूहमा मात्र सरुवा तथा पदस्थापन गरिनेछ ।

ख. प्राविधिक प्रहरी कर्मचारीको सरुवा गर्दा प्रचलित ऐन, नियम तथा सरुवा मापदण्ड भित्र रही सम्बन्धित कार्यालयले गरेको सिफारिसलाई प्राथमिकतामा राखी सरुवा गरिनेछ ।

ग. कुनै एक प्राविधिक उपसमूहबाट अर्को प्राविधिक उपसमूहमा सरुवा गरिने छैन ।

## २४. श्रीमान श्रीमती नै प्रहरी कर्मचारी भएमा:

क. नेपाल प्रहरी प्रधान कार्यालय कर्मचारी प्रशासन शाखामा अभिलेखीकरण भए मुताविक श्रीमान श्रीमती रहेका प्रहरी कर्मचारीको प्राथमिकतामा एकै कार्यालय वा नजिकको प्रहरी कार्यालयमा सरुवा गरिनेछ ।

ख. श्रीमान्-श्रीमतीनै प्रहरी कर्मचारी भई सँगै बस्न अनुकूल हुने किसिमले सरुवा जान ईच्छुक भएमा सरुवा मापदण्डको अधिनभित्र रही त्यस्ता प्रहरी कर्मचारीको दम्पती मिलान हुने गरी सरुवा गरिनेछ ।

ग. श्रीमान श्रीमतीको रुपमा दरवन्दी मिलान गर्न चाहने प्रहरी कर्मचारीले प्रहरी नियमावली २०७१ (संशोधन सहित) को अनुसूची-१३ अनुसारको सरुवा फाराम भरी विवाहदर्ताको प्रमाणपत्रको प्रतिलिपी सहित सम्बन्धित कार्यालयको सिफारिस साथ नेपाल प्रहरी प्रधान कार्यालय कर्मचारी प्रशासन शाखामा अनिवार्य रुपमा पठाउनु पर्नेछ र यसरी प्राप्त निवेदनको आधारमा सरुवा मापदण्डको अधिन भित्र रही श्रीमान वा श्रीमती मध्ये सरुवा अवधि पुगेको प्रहरी कर्मचारीको सरुवा अवधि कम भएको कर्मचारीको आसपासको दरवन्दीमा अनुकूल हुने गरी सरुवा मिलान गरिनेछ । प्रदेश भित्रको हकमा प्रदेश प्रहरी कार्यालयले सरुवा मिलान गर्नेछ ।

घ. श्रीमान् श्रीमतीको सुबिधा बापत सरुवा गर्दा एक दर्जामा एकपटक र सेवा अवधिमा २ पटक प्राप्त हुनेछ ।

ङ. श्रीमान् श्रीमतीको सरुवा मिलान गर्दा सरुवा क्यालेण्डर बमोजिम गरिनेछ ।

## २५. महिला प्रहरी कर्मचारीको हकमा:

क. महिला प्रहरी कर्मचारीलाई भौगोलिक आधारमा हिमाल, पहाड, तराई र सुविधाको हिसावले दुर्गम र सुगम गरी चौकी स्तरसम्म महिला प्रहरी कर्मचारीको उपलब्धता सुनिश्चित हुने गरी सरुवा गरिनेछ ।

ख. नियमित सरुवा क्यालेण्डरले सम्बोधन हुन सक्ने अवस्थामा बाहेक अनावश्यक बहाना/ समस्या देखाएर सरुवा माग गर्न पाईने छैन ।

नेपाल सरकार गृह मन्त्रालय प्रहरी प्रधान कार्यालय नक्साल

ग. महिला प्रहरी कर्मचारीले कम्तिमा एक दरवन्दी गार्ड र कम्तिमा ३ बर्ष महिला बालबालिका तथा जेष्ठ नागरिक सेवाकेन्द्रमा अनिवार्य रुपमा खटिई सेवा गर्ने गरी सरुवा गरिनेछ ।

घ. नेपाल प्रहरी प्रधान कार्यालय महिला, बालबालिका तथा जेष्ठ नागरिक सेवा निर्देशनालय / महाशाखाले सम्बन्धित विषयहरुमा तालिम प्राप्त गरेका महिला प्रहरी कर्मचारीको विवरण अद्यावधिक गरी सो को आधारमा गरेको सरुवा सिफारिसलाई प्राथमिकतामा राखी महिला, बालबालिका तथा जेष्ठ नागरिक सेवा केन्द्रमा सरुवा गरिनेछ ।

ङ. प्रहरी तालिमकेन्द्र, प्रहरी विद्यालय र महिला, बालबालिका तथा जेष्ठ नागरिक सेवा केन्द्रहरुमा अन्हन खटन गर्दा कम्तिमा १ जना अधिकृतस्तरको महिला प्रहरी कर्मचारीलाई खटाईनेछ ।

**२६. अन्य विशिष्टिकृत समूह वा कार्यालयको हकमा:**

सम्बन्धित कार्यालयको कार्य प्रकृति र सो समूहको कार्य बिशेषता समेतलाई मध्यनजर गरी सरुवा मापदण्डको अधिनमा रही सरुवा गरिने छ ।

नेपाल सरकार
गृह मन्त्रालय
नेपाल प्रहरी प्रधान कार्यालय
नक्साल

## परिच्छेद - ४
## सरुवा समय तालिका

